प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
०५१-५२४०६६

**नेपाल सरकार**

**गृह मन्त्रालय**

# जिल्ला प्रशासन कार्यालय

**पर्सा**

**पत्र संख्या : स्था. प्र.०७७/७८**

**च.नं. :**

**(स्थानीय प्रशासन फाँट)**

**पर्साका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश**

**आदेश जारी मिति : २०७८-०३-३१**

विश्वब्यापी महामारीको रुप लिईरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ संक्रमणको प्रभावकारी नियन्त्रण र रोकथामका लागि नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेशको दफा, ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी पर्सा जिल्ला भर अर्को आदेश नभए सम्मको लागि देहाय बमोजिमको आदेश लाई निरन्तरता दिइएको छ। यो आदेशको पालना गर्नु/गराउनु सम्बद्ध सबैको कर्तब्य हुनेछ। कोही कसैले यो आदेशको बर्खिलाप हुने गरी काम कारवाही गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ।

**देहाय**

**सञ्चालन गर्न रोक लगाइएका कार्य/क्रियाकलापहरु**

१. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, जात्रा, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिडपुल, मनोरञ्जनस्थल, सैलुन, ब्यूटी पार्लर, जिमखाना, रंगशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरु भेला जम्मा एवं भिडभाड भई गरिने अन्य कार्यक्रम गर्न/गराउन।

२. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर) ले भौतिक उपस्थितिमा पठन पाठनको कार्य गर्न/गराउन।

३. नित्य दैनिक पूजाआजा बाहेक मानिस जम्मा भेला भई धार्मिक स्थलहरुमा धार्मिक एवं साँस्कृतिक क्रियाकलापहरु गर्न।

४. बीरगंज (ईनर्वा) नाका बाहेकका भारतबाट जिल्ला प्रवेश गर्ने अन्य नाकाबाट सीमा वारपार आवागमनमा गर्न।

**सञ्चालन गर्न सकिने कार्य/क्रियाकलापहरु**

१. घर बाहिर निस्कदा एवं सार्वजनिक स्थलमा जाँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र व्यक्ति-व्यक्तिका बीच कम्तीमा २ (दुई) मिटरको दुरी कायम गर्ने। भिडभाडजन्य कार्य नगर्ने।

२. स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य पालना गरी गराई भिड भाड नहुने गरी सरकारी, सार्वजनिक, निजी कार्यालय/निकायहरुले सबै प्रकारका सेवा प्रवाह र कार्य सञ्चालन गर्ने/गराउने। सो को उपयुक्त व्यवस्था सम्बन्धित कार्यालय/निकायको प्रमुखले मिलाउने।

३. स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई एवं स्वीकृत सिट सङ्ख्या भन्दा बढी यात्रु नराख्ने गरी सार्वजनिक तथा निजी सवारी साधन सञ्चालन गर्न पाईने। (लामो दुरीका सवारीको हकमा गनतब्य जिल्लाको जारी आदेशानुसार हुने)

४. स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी एवं २५ जना भन्दा बढी सहभागी नहुने गरी गोष्ठी, तालिम, सेमिनार, बैठक, प्रशिक्षण जस्ता कार्यहरु सञ्चालन गर्न सकिने।

५. स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण परिपालना गरी/गराई विभिन्न निकायबाट पूर्व निर्धारित सबै किसिमका लिखित तथा प्रयोगात्मक परिक्षाहरु सञ्चालन गर्न सकिने।

६. स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी/गराई बजार एवं पसल खोल्ने। स्वास्थ्य सुरक्षाका मापदण्ड पालना नगरेको पाईएमा नियमानुसार कारवाही हुने।

७. विवाह, ब्रतबन्ध/नामाकरण संस्कार जस्ता कार्यको हकमा बढीमा २५ जना सम्मको उपस्थितिमा स्वास्थ्य सुरक्षाका मापदण्ड परिपालना गरी गर्न सकिने छ।

८. उद्योग, कलकारखाना सञ्चालन, सार्वजनिक विकास निर्माण, पेशा व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्डको अनिवार्य पालना गर्ने/गराउने।

९. यस जिल्लाको बीरगंज (ईनर्वा) सीमा नाकाबाट बिदेशी नागरिकको हकमा प्रवेश निषेध गरिएको र नेपाल प्रवेश गर्ने नेपाली नागरिकले तोकिएको स्वास्थ्य जाँच र प्रक्रिया पुऱ्याई स्थानीय तहले तोकेको आइसोलेसन सेन्टर वा होम आइसोलेशनमा अनिवार्य बस्नु पर्ने।

१०. होटेल एवं रेष्टुरेन्ट स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण रुपमा परिपालना गरी आफ्नो कूल क्षमताको पचास प्रतिशत क्षमतामा मात्र सञ्चालन गर्ने।

पिताम्बर घिमिरे
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

**" नतिजामुखी प्रशासन : समृद्धि र सुशासन "**

Email : daoparsa@gmail.com
www.daoparsa.moha.gov.np